म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३३२ शनिबार ३० असार २०८० ने. सं. ११४३ दिल्लाथ्व 15 July 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**ग्राहक वर्गमा हार्दिक अनुरोध**

विद्युत सम्बन्धी कुनैपनि गुनासो वा समस्या भए नेपाल विद्युत प्राधिकरणको हटलाइन नम्बर ११५० डायल गरी निर्देशन बमोजिम ८ थिचि जानकारी गराउनुहोस् हामी तपाईको समस्या समाधान गर्न सदैव तत्पर रहनेछौं ।

**नेपाल विद्युत प्राधिकरण**
(नेपाल सरकारको स्वामित्व)
वितरण तथा ग्राहक सेवा निर्देशनालय
बागमती प्रदेश
**प्रदेश डिभिजन कार्यालय**
भुटनदेवी, हेटौंडा ।

## पोषिलो खाना खुवाएर बिरामीलाई उत्साह जगाउँदै अस्पताल

निशा गुरुङ



हेटौंडा, २९ असार/ एक हप्तादेखि हेटौंडा अस्पतालमा भर्ना भएर बसेकी बिबिता कार्कीलाई अस्पतालमा बस्दा के खाने भन्ने कुनै चिन्ता छैन । मनहरी गाउँपालिकाका बिबिता झाडापखाला भएर अस्पताल भर्ना भए यता उनले अस्पतालकै खाना खाईरहेकी छिन् ।

बिबिताकी आमा अनिता कार्कीलाई पनि अस्पातलले नै पोषणयुक्त खाना खुवाउने भएपछि बाहिरा होटलदेखि खाना ल्याउनुपर्ने समस्या नभएको बताउँछिन् । त्यसैगरी, हेटौंडा-१४ की सुस्मिता लामा पनि करिव १० दिनदेखि अस्पालमै भर्ना भएर बसेकी थिइन् । ज्वरो आउने, घाँटी दुख्ने र शरीरमा रगतको कमी देखिएपछि डाक्टरकै सल्लाहअनुसार अस्तालमा बसेकी उनका परिवारलाई सुरुमा अस्पतालमा खाना दिन्छ भन्ने समेत थाहा थिएन । सुरुवातको दिनमा सुस्मिताकी दिदीले होटलबाटै खाना ल्याएर खुवाइन् । तर, दोश्रो दिनमा भने उनलाई अस्पतालमै खाना पकाउने कर्मचारीहरुले भर्ना भएर बसेका बिरामीलाई अस्पतालमै खाना दिने गरेको जानकारी गराए ।

सुस्मिताकी दिदी गौरी लामालाई अस्पतालमा कस्तो खाना खुवाउने हो भन्ने लागेको थियो । तर, खाना दिने ठाउँमा पुगिसकेपछि भने उनी दंग परिन् । सफा भान्छा घर, विभिन्न प्रकारका खानेकुरा अनि खाना लिन जानेको लाइन् । बिरामीको खानामा जौलो, दालभात, तरकारीसँगै अण्डा र हप्ताको दुई दिन मासुसमेत दिने गरेको थापा पाएपछि गौरीले आफ्नी बहिनीलाई होटलबाट खाना ल्याउन बन्द गरेर अस्पतालकै खाना खुवाउन थालिन् ।

भर्ना भएरी बसेकी सुस्मिताले पनि अस्पतालको खाना मिठो भएको सुनाइन् । 'अस्पतालमै भर्ना भएर बसेको बिरामीलाई बिरामीले नै खाने खाना पकाएर दिनुहुन्छ । पौष्टिक खाना अस्पतालमै दिने भएपछि हामीले अस्पतालकै खाना खायौं,' उनले साझाकुरासँग भनिन्, 'कतिपय बिरामीलाई त अस्पतालमै खाना दिन्छ भनेर थाहा छैन रहेछ हामीले पनि भर्ना भएपछि मात्रै थाहा पायौं कि अस्पतालमा नै विभिन्न प्रकारका खाना पकाएर खुवाउने रहेछ ।', उनले अस्पतालको खाना घरको खाना जस्तै मिठो भएको बताइन् ।

बकैया गाउँपालिकाकी ७१ वर्षीय ठुली थापा पनि अस्पतालकै खाना मिठो भएको दाबी गर्छिन् । 'खाना नखाने बिरामीलाई जौलोको व्यवस्था दुध, अण्डा, दालभात अनि हप्ताको दुईपटक मासु पनि अस्पतालले खुवाउने भएपछि अरु के चाहियो ?,' उनले भनिन्, 'बाहिरा होटलदेखि पैसा खर्च गरेर किन्न पनि परेन ।', थापाले अस्पतालमा बिरामी अनुसारको पौष्टिक खाना पकाएर दिने गरेको बताइन् । कार्की, लामा र थापा मात्र हैन, अस्पतालमा भर्ना भएका अधिकांश बिरामी पोषणयुक्त खाना खान पाउने भएपछि खुशी छन् ।

हेटौंडा अस्पतालका अध्यक्ष राजेश प्रसाईले अस्पताल भर्ना भएका बिरामीलाई सुविधा हुने मनसायले नेपाल सरकारले खाना कार्यक्रम ल्याएको बताए । खाना कार्यक्रमले हेटौंडा अस्पतालमा टाढाबाट आएका र आर्थिक अवस्था कमजोर भई भर्ना भएका बिरामीलाई सहज हुने गरेको अध्यक्ष प्रसाईंको भनाई छ । अस्पतालले रिसर्च गर्दा भर्ना भई बसेका बिरामीहरु अस्पतालको पौष्टिक खानाले स्वस्थ भएको उनको दावी छ । नेपाल सरकारले सरकारी अस्पालमा भर्ना भएका बिरामीलाई खाना कार्यक्रम सुरु गरेयता नै हेटौंडा अस्पतालले भर्ना भएका बिरामीलाई खाना खुवाउने गरेको हो ।

अस्पतालमा दैनिक ४० देखि ५० जनासम्म भर्ना भएका बिरामीले खाना खाने गरेको अस्पतालका लेखाअधिकृत खिमानन्द अधिकारीले जानकारी दिए । उनका अनुसार संघीय सरकारले खाना कार्यक्रमका लागि हरेक वर्ष बजेट छुट्याएको छ ।

हाल संघीय सरकारबाट प्रदेश सरकारमा हस्तारण भई खाना कार्यक्रमका लागि प्रदेश सरकारले अस्पताललाई चालु आथिर्क वर्ष २०७९/८० मा ३९ लाख ८६ हजार वितरण गरेको लेखाअधिकृत अधिकारीले बताए । सबै रकम चालु आवमै खर्च भइसकेको उनले बताए ।

टेण्डर लगाएर अस्पतालमा खाना कार्यक्रमको कार्यान्वयन हुने गरेको जनाइएको छ । अनलाई मार्फत टेण्डर आह्वान गरेर हाल अस्पतालमा खाना कार्यक्रमका लागि सुन्दर नेपाल निर्माण सेवाले कार्य गर्दै आइरहेको अधिकृत अधिकारीले जानकारी दिएका छन् ।

२०१६ सालमा १५ बेडबाट सुरु भई जिल्ला अस्पतालको रुपमा २०२२ सालमा स्थापना भएको हेटौंडा अस्पताल हाल मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट सञ्चालित छन् । ७० बेडसहित सुविधासम्पन्न तीन नयाँ भवनमा सञ्चालित हेटौंडा अस्पतालमा ८८ जना विशेषज्ञ डाक्टर रहेको र अहिले औसतमा दैनिक करिब ७ सय जनाले सेवा लिँदै आएका छन् । चिकित्सक सहित ३ सय ८७ जना स्वास्थ्यकर्मी कार्यरत छन् । अस्पतालमा इमर्जेन्सीसहित २०० शैया छन् भने सीटीस्क्यान, एनआईसीयू र आईसीयू वार्डको पनि व्यवस्था रहेको छ ।

**गोदामघर भाडामा चाहियो ?**

मकवानपुर जिल्लामा पर्ने पुर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

**सम्पर्क : ९८०२५३०३०३**

सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट

**प्रोफेशनल स्कील एण्ड ट्रेनिङ डिपार्टमेन्ट**



यही आउँदो शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटीको लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुको लागि कक्षाहरु सञ्चालन गरिँदैछ ।

भर्ना र थप जानकारीको लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पर्कको लागि
०५७-५२१२७२, ९८०१०६८६४१, ९८४८०२१२७७ (प्रिन्सिपल)

**Join IT Career in HCC**

Admission Open
**+2**
Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies
Law (English)



Bachelor Program
BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)

यस **हेटौंडा सिटी कलेजमा B.Sc.CSIT** कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त)** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को 11 औं समूहको (**2080 Batch**) लागि **प्रवेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class**) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

**हेटौंडा सिटी कलेज/जेनिथ**
सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

**ADMISSIONS OPEN FOR**
+2
- SCIENCE
- MANAGEMENT
- HOTEL MANAGEMENT
- BEAUTICIAN & HAIRDRESSING
(Under Faculty of Management)

ENROLL NOW



CLASS STARTS FROM
15th SHRAWAN

For inquiry:
9855074222

HETAUDA SCHOOL OF MANAGEMENT
"कडा अनुशासन, स्तरीय शिक्षा"
Hetauda-4, Makawanpur
info@hsm.edu.np
www.hsm.edu.np

DELIVERING TOP-NOTCH EDUCATION SINCE 1995

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# जुकरबर्गको व्यक्तिगत सुरक्षा खर्च वार्षिक पौने २ अर्ब



फेसबुकका संस्थापक तथा मेटा कम्पनीका सीईओ मार्क जुकरबर्ग पछिल्ला दिनमा नयाँ सोसल मिडिया प्लाटफर्म थ्रेड्स र आफ्नो व्यक्तिगत सुरक्षामा भैरहेको अविश्वसनीय खर्चका कारण चर्चामा छन् ।

जुकरगर्बको व्यक्तिगत सुरक्षामा मेटा कम्पनीले पछिल्लो ३ वर्षमा ४ करोड डलर अर्थात् करीब ५ अर्ब ३० करोड रुपैयाँ खर्च गरेको छ । उनको परिवारले सञ्चालन गरेको फाउन्डेसनद्वारा पुलिसलाई बदनाम गर्ने समूहलाई दिइएको लाखौं डलरको आर्थिक सहायताको आडमा उक्त खर्च गरिएको बताइएको छ ।

अन्तराष्ट्रिय खोज पत्रकार ली फेंगले गरेको अनुसन्धान अनुसार मार्क जुकरबर्ग र पत्नी प्रिसिला चानको नाममा खुलेको चान जुकरबर्ग इनिसिएटिभ (सीजेडआई) नामक संस्थाले डिफन्ड पुलिस डट ओआरजी को आडमा पोलिसिलिंक नामक संस्थालाई सन् २०२० देखि ३० लाख डलर रकम प्रदान गर्दै आएको छ ।

डिफन्ड पुलिस डट ओआरजीले आफूलाई आयोजक तथा अधिवक्ताहरुका लागि वन स्टप शपको रुपमा दाबी गर्दै आएको छ । यसले यस्ता मानिसहरुलाई सुरक्षा प्रदान गर्दछ जसले पुलिस सुरक्षा नलिइकन आफूलाई सुरक्षित राख्नका लागि हतियार, संशाधन तथा प्रशिक्षणको खोजी गरिरहेका हुन्छन् ।

जुकरबर्गले पत्नी प्रिसिला चानसँग मिलेर सीजेडआई नामक फाउन्डेसन स्थापना गरेका हुन् । उक्त संस्थाले सलिडेयर नामक समूहलाई समेत २५ लाख डलरको मौद्रिक सहायता दिएको थियो, जुन समूहको उद्देश्य नै पुलिसलाई समाप्त पार्नु हो ।

गत फेब्रुअरीमा कम्पनीले तयार पारेको कागजात अनुसार मेटा कम्पनीले सन् २०२३ मा जुकरबर्गको सुरक्षा खर्चमा अझै वृद्धि गरेर १ करोड ४० लाख डलर पूराएको छ । पछिल्ला केही वर्षदेखि जुकरबर्गको व्यक्तिगत सुरक्षामा वार्षिक औसतमा १ करोड डलर खर्च हुने गरेकोमा यो वर्ष ४० लाख डलर थपिएको हो । साथै जुकरबर्गलाई विभिन्न सुरक्षा तथा अन्य आवश्यकताहरुका लागि समेत धन खर्च गर्नसक्ने अधिकार दिइएको छ ।

मेटा कम्पनीको स्थिति तथा महत्वलाई मध्यनजर गर्दै जुकरबर्गको सुरक्षा खर्चमा बढोत्तरी गरिएको दाबी मेटा कम्पनीको छ । कम्पनीले के पनि दाबी गरेको छ भने जुकरबर्गले आफूलाई वर्षमा केबल १ डलर मात्रै तलब प्रदान गर्न तथा बोनस, इक्विटी तथा अन्य प्रोत्साहनबापत कुनै पनि रकम प्रदान नगर्न मेटासँग अनुरोध गरेका छन् ।

यद्यपि कतिपयले भने जुकरबर्गको निजी सुरक्षामा भएको अविश्वसनीय खर्चका साथै पुलिसलाई बदनाम गर्ने समूहहरुलाई आर्थिक सहयोग गरेको भन्दै आलोचना गर्दै आएका छन् ।

# तपाईंका यस्ता बानीले बर्बाद हुनसक्छ यौन जीवन, तुरुन्त सुधार्नुहोस्



कुनै पनि वैवाहिक सम्बन्धमा प्रेम, विश्वासका साथै इन्टिमेसी हुनु पनि अत्यन्त आवश्यक छ । इन्टिमेसीले सम्बन्धलाई थप बलियो बनाउँछ । तर धेरै मानिस यस्ता छन् जसले आफ्नो यौन जीवनमा विभिन्न खालका समस्याको सामना गर्नुपर्छ । यसको पछाडि तपाईंका केही बानी पनि जिम्मेवार हुन्छन् । आज तपाईंका त्यस्ता बानी बारे कुरा गरौं जसले तपाईंको यौन इच्छामा नकारात्मक असर पार्ने गर्छन् ।

यदि तपाईंलाई जङ्ग फुड खान असाध्यै धेरै मनपर्छ भने तपाईंले आफ्नो शरीरलाई कार्ब्स, स्याचुरेटेड र ट्रान्स फ्याटले भर्नुहुन्छ । यसले रक्तसञ्चार पनि निकै ढिलो गरी हुने गर्छ साथै यस्ता खानाले इन्टिमेसीका बेला तपाईंलाई गाह्रो पनि पार्न सक्छ । तपाईंले यस्ता खानाको साटो फलफूल, सागसब्जी र प्रोटिनयुक्त चिजको सेवन गर्नुहोस् । स्वस्थ खानाले शरीरमा ऊर्जा प्रदान गर्छ ।

दैनिक असाध्यै धेरै नुनको सेवन गर्दा तपाईंको रक्तचाप बढ्ने छ । रक्तसञ्चार बढ्दा तपाईंको यौनइच्छा कम हुनसक्छ । डिब्बामा बन्द गरिएका खानेकुरामा सोडियमको मात्रा निकै धेरै हुन्छ । त्यसैले यस्ता खानेकुराबाट जोगिनुहोस् ।

**सधै तनावमा रहनु**:

यदि तपाईंलाई कुनै कुराले लामो समयसम्म तनाव दिइरहेको छ भने यसले तपाईंको स्वास्थ्यमा प्रतिकुल असर पार्छ साथै तपाईंलाई इन्टिमेट हुन पनि खासै मन लाग्दैन । यदि तपाईं आफ्नो यौन जीवनलाई उत्कृष्ट बनाउन चाहनुहुन्छ भने तनावबाट टाढै रहनुहोस् र आफ्नो समस्याको छिट्टै समाधान पनि गर्नुहोस् ।

**एक-अर्कासँग खुलेर कुरा नगर्नु**:

यदि तपाईंलाई आफ्नो यौनजीवनमा केही समस्या भइरहेको छ जस्तो लाग्छ वा कुनै कुराले तनाव दिइरहेको छ भने यसको हल निकाल्नका लागि पार्टनरसँग खुलेर कुरा गर्नुहोस् । यदि तपाईं यसबारे कुरा गर्न हिच्किचाउनुहुन्छ भने यसको असर तपाईंहरु दुबैजनामाथि पर्नेछ ।

**तौल बढ्नु**: यौन जीवनलाई उत्कृष्ट बनाउन चाहनुहन्छ भने तपाईंले आफ्नो बढिरहेको तौललाई कम गर्नुहोस् । बढेको तौलले तपाईंहरु दुबैजनालाई फाइदा पुर्याउँदैन । विशेषगरी यसले पुरुषलाई धेरै नै समस्यामा पार्ने गर्छ । एक अनुसन्धान अनुसार जुन पुरुषको कम्मर ४० इन्चभन्दा बढी छ भने उनीहरुमा बाँझोपनको समस्या देखिन सक्छ ।

# के पुरुषको उचाइ र उसको यौन जीवनबीच सम्बन्ध छ ?



पुरुषको उचाइ र उसको यौन जीवनको विषयलाई लिएर एक रोचक अध्ययन सार्वजनिक भएको छ । 'द जर्नल अफ सेक्सुयल मेडिसिन' मा छापिएको एक अध्ययन अनुसार होचा पुरुष अग्ला पुरुषको तुलना बढी सेक्स गतिविधिमा संलग्न हुन्छन् ।

न्यूयोर्क युनिभर्सिटीमा उचाइ र उनीहरूको व्यवहारसँग जोडिएको केही अन्य कुराको पनि खुलासा भएको छ । कम उचाइ भएका पुरुष घरको काम धेरै गर्ने पनि अध्ययनमा देखिएको छ । यो शोध ५३१ पुरुषमा गरिएको थियो । सोसल मिडियामा सेयर गरिएको यो शोधको नतिजालाई 'स्पाइडर म्यानका अभिनेता एक्टर टम हालेन्ड'ले लाइक गरेका छन् । उनको उचाइ ५ फिट ८ इन्च मात्रै छ ।

शोधमा सामेल जुन पुरुषको उचाइ ५ फिट ९ इन्च भन्दा कम थियो उनीहरू सेक्सुअल्ली धेरै सक्रिय भएको अध्ययनमा पाइएको थियो । महिलाहरू अग्लो, कालो र ह्यान्डसम साथीको सपना देख्छन् । तर शोधका अनुसार छोटो उचाइ भएका पुरुषहरूमा आफ्नो पार्टनरलाई डिभोर्स दिने प्रवृत्ति पनि ३२ प्रतिशत कम पाइएको छ ।

शोधमा समावेश भएका कम लम्बाई भएका पुरुष अग्लाको तुलनामा सातामा १ घण्टा बढी घरको काम गर्ने गरेको पाइएको छ । उनीहरू पैसा कमाउने मामिलामा पनि अगाडि रहेको देखिएका छन् ।

# साहित्य

कविता

## पास हुने रहरमा

**निरोज व्याथि**

बैशको ब्याडमा असार लागिसक्दा पनि
खेतका आलीहरु मिलाउनु छैन तिमीलाई
र बनाउनु छैन राम्रो मेलो पनि
यद्दपि परिक्षणको कसीमा मलाई राखेर
कति निर्धक्क तिमी भन्छ्यौ-
'म हेरिरहन्छु आगामी दिनहरुमा
मेरो अभावमा हजुर कति छटपट्नु हुन्छ ।
मलाई हरेक बिहान, साँझ र एकान्तमा
अक्षरहरुले बोलाउछन् र भन्छन्-
'मलाई जतनले कापीका खाली पानामा राख्दे
म पनि संसार परिभम्रणमा निस्कन्छु ।'
यर्सथमा म भावानाको कुल्ली
बोक्छु , बोकीरहन्छु र हिडिरहन्छु ।
बैशालू युवतीको प्रतिक तिमी
त्रिर्रा अङ्ग अङ्गहरु रङ्ग्याउने
छैनन् यद्दपि ति शिल्पी हातहरु म सँग
तै पनि त्रि्रा मुस्कानका रङ्गहरुमा
आफैलाई चुर्लुम्म डुबाएर
पोत्दैछु पुन पुन आफैलाई
एउटा अमुर्त चित्र जो बन्छ
कोरा क्यानभासमा
प्रतिबिम्बित गर्न ति दर्शन
जो त्रि्रा आवाजहरु बोल्छन् ।
त्रिर्रो मुस्कानमा जाँदु हुँदा हुँदै पनि
हामी एक अर्काको लागि हुनुलाई
सायद स्विकार्दैनन् कि हाम्रै
मध्यरात अघिका कुराहरुले
किनकी मैले त्रि्रो ओठ राम्रो छ भनेकै छैन ।
म रोगी भावानाको
मेरो डाक्टरको मलाई आदेश छ
मेरो उपचार बिधिमा
तिमीसङ्ग धित् मारेर कुरा गर्न सख्त मनाहि छ ।
म त्यहि खोजीमा छु
म त्यहि टाउको दुखाईको निदानमा छु
म शब्दहरुको खोजीमा छु
कहाँ छ शब्दको विशाल बजार
कहाँ कहाँ लाग्छ शब्दको हाँटबजार
मैले खोज्नु छ पहिल्याउनु छ
म मा खट्किएको त्रि्रो अभावलाई
प्रतिबिम्बित गर्ने शब्दहरु ।

म के गरुँ - तिमी नै भन
कि त्यो बर्जित फल खाऊ -
कि अझै यो टाउको दुखाई रहुँ -
मलाई कम्तीमा पास हुनु छ
त्रिरो परिक्षणको कसीमा ।

## प्रहरी जवान

**राकेश कार्की**

बेपत्ता पारी मारीएका
प्रहरी जवान धनबहादुर
विफ्वल भै रोइरहेकी
धर्मपत्नि मनहजूर
अनिश्चित भविष्यमा रुमल्लिएका
टुहुरा टुहुरीको के कसूर -
जीवन कति सजिलै उजाडिएछ
भयावह पिंडामा घोप्टिएछ
जीवन केवल एकचोटी रहेछ
रुंदा रुंदा शून्य नयन पनि निचोरीएछ
जीवनको चालक नै वितेपछि
बांकी जीवन कतिदिन चल्ला र ?
घीस्रीदै घीस्रीदै जीवनले
कठोर अंधकार कसोरी छल्ला र ?
उ थियो त कर्तव्यको प्रहरी
जसको सत्ता उसैको प्रहरी
राष्ट् र जनताको प्रहरी
बेरोजगारी र भोकमा पाएको पद प्रहरी
त्यसैले जहिले पनि
खटाइएको ठाउंमा जानैपर्ने प्रहरी
तर अहिले केवल
धर्मपत्निको आंशुमा खसीरहने प्रहरी

## कल्पनाभित्रको मीठो सपना

**बिनोद खड्का**

देशमा प्रजातन्त्र आएको छ रे
भोट हाल्न जाने हो की
गाँउको चौतारीमा बसेर
कान्छीसंग माया पो लाउने हो की ।
शहरमा रमाईलो छ रे
उतै पो भाग्ने हो की
माईलादाईसंग झोला बोकी
फेरी मुग्लान नै फर्कने पो हो की ।
लेकतिर रमाईलो छ रे
साँझमा रोधी पस्ने हो की
साईलीको भट्टिमा पसी
फेरी तुम्बा पो तान्ने हो की ।
ठूलाबाको हुक्का तानी
सर्को लाउँने हो की
कान्छी आमाको बारी पसी
काक्रा फसी हो की ।
के गर्ने के नगर्ने
खुट्याउनै सकिएन
झल्याँस्स ब्युझदा प्रवासमा
मीठो सपना पत्याउनै सकिएन ।

कविता

## गर्दैछु म झूटको खेती

**भोजराज घिमिरे**

हात उही छन् औजार तिनै छन्
मन उही हो सिप फरक हुन सक्छ ।
निश्चित छ फसल अगल छ
विधि फरक छ
फस्टाउँदै गयो भने
अरुले नरोपुन्जेलसम्म
अरुले नकाटुन्जेलसम्म
फाइदै फाइदा छ ।

जोखिम त हुनैपर्छ
होइन भने नयाँ प्रयोगको के नै मज्जा
नयाँ रोपाइको के नै मज्जा
त्यसैले त म त गर्दैछु खेती
निकै दिन देखि झूटको खेती ।

न त यसमा छ डर ब्लास्टको
न त छ डर पतेरोको
न त पाक्के बेलामा छ डर असिनाको
न त रोप्ने डर छ खडेरीको

सुन्दैछु हिजो आज
असली किन भोग्दैछन् पीडा अनुदानमा
दु:ख मनाउँदैछन् किसान प्रतिस्पर्धामा
ब्याज तिर्दैछन् किसान आत्मदाहमा
त्यसैले को सुनोस
थरीथरीको घण्टा आनै वरिपरी
न त मनसुनको लन्ठा
न त भाउको टन्टा
त्यसैले मत गर्दैछु खेती
निकै दिनदेखि झूटको ।

गजब छ यसको खेती पनि
न त यो सिमित छ कुनै जातमा
न त यो रोकिन्छ कुनै दिन या रातमा
सक्नेले जति पनि रोपेकै छन्
सक्नेले जति पनि काटेकै छन्
न त कुनै सिमाना छ थन्क्याउनुमा
केवल मजैमजा छ मनचिन्ते भकारी भुर्नमा ।

रोपे त कहिल्यै सकिदैन
काटेर त कहिल्यै सकिदैन
मरेर त कहिल्यै सकिदैन
त्यसैले
निकै दिनदेखि गर्दैछु
म झूटका खेती ।
काट्दैछु म खेती झूटको
अनि थन्क्याउँदैछु खेती झूटको

*कथा*

## आँफैले किनेको दोसल्ला

**- शेखर ढुंगेल**

आज रवी सम्मानित हुने भएका छन । टोल सुधार समितीले दोसल्ला र कदर पत्र दिएर । सत्ताधारी बिसिस्ट मन्त्री दोसल्ला ओडाउन आउने भएका छन । स्तरिय खाना र बिबिध पेय पदार्थको ब्यबस्था गरिएको छ । तोकिएको समय बित्दै गर्दा निमन्त्रित पाहुनाहरु आउने क्रम भखर सुरु भएको छ ।

सम्मानित हुने ब्यक्तित्वो आठ कक्षा पास् हुन । उनका सहपठि सँखर जो प्रद्धयपक छन । दर्शक दिर्घ मा पाहुना बनी तमासा हेर्न अैइ पुगेका छन । २० बर्ष अघी पढ्दा पढ्दै स्कुल छोडेका रवी र प्रद्धयापक सँखर बिच बेला बेलामा भेट भये पनि दुब्ले फुस्रे प्राध्यापक रवी को लागि चिन्न आबस्यक ब्यक्ती थिएनन । प्राध्यापक शंकर को सहपाठि सित को भेत्घाट, कुर कानी मा पुराना साथी भाईको बारेमा कुरा हुँदा केही बर्ष पहिले रविले आफ्नी श्रीमती लाई माइती बाट पैसा नलेराएको भन्दै झुन्डाएर मारेको थियो रे, कृष्णले थपेको थियो हो मैले पनि रविको क्षिमेकिको मुख्बाट सुनेको दिल्लीमा एक धनादय ब्यापारीको एक्ली छोरी सित आफुलाई डाक्टर भनी झुक्याइ विवाह गरेका रहेछन । श्रीमतीकै सम्पत्तिमा काठमाडौंमा करोडौको घर जग्गा जोदेका थिएरे ।

प्राध्यापक शंकर गम्दै थिए मानिसको भाग्य को निर्माण बारेमारु खोइ भाग्य बनाउन्छु भनी दुस्ख गरी पढियो जागिरको कमाइले बच्चाको पढाई र घर खर्च धान्ने गर्हो छ । धन्न बाजेको पालाका जग्गा जमिन थियो र बाँच्न सकिएको छ । भाग्यकै कुरा होला लक्ष्मी को बास कहिले कता कहिले कता । शनिबारको दिन थियो फूर्सधि प्राध्यापक शंकर समय भन्दा केही अगाडि नै कार्यक्रम अैपुगेका थिए । उनी सँगइ एक मानिस आएर उभिये । प्राध्यापक सित उनी आँफैले परिचय दिए- एक आपसमा गफ गर्न थालए- एक प्रहरी अधिक्रित र प्राध्यापक एक अर्कालाई सम्मान गर्दै सम्सामहिक बिषयमा गफ गर्न थालए- गफै गफमा प्रहरी अधिक्रित ले जिज्ञासा राखे - होइन शंकर सर ई सम्मान्ती हुने ब्यक्ती रवी थापाजी लाई चिन्नु हुन्छरु प्राध्यापक शंकरले जवाफ दिए- उनी मसँग आठ क्लास सम्मा संगै पढेका हुन । म चिन्छु तर गलभि म् अलाई चीन्न चाहेका छैनन । शहर पसेका थिए खोइ के के गरे, मन्त्री, नेता ,ठुला ठुला धनाधय का आसाका केन्द्सो बनेका छन रेरु के गर्दैछन त्यो भने चेउ पाएको छैन । टोल सुधार समितिले निमन्त्रणा पठाएकोले आएको हुँ ।

कार्यक्रम हुने हलमा आगन्तुकहरुको जमाघाट बाम्लिदै थियो-प्राध्यापक र प्रहरी अधिक्रित कानमुख नजिक गर्दै- रविका बारेमा जिज्ञासायुक्त भावमा कुरा अगाडि बदाउदै थिए, त्यसइ बिच सम्मानित हुन गैराखेका रबी अनी प्रहरी अधिक्रितले केही बर्ष अगाधी अनुसन्धान गरी मुद्दा दायर् गरेका अभियुक्त रवी एउटै हुन कि अर्कै स्पस्ट हुन प्राध्यापक शंकरलाई उन्का अभियुक्त रबिको बारेमा बताउने थालए ।

रवी थापाले मैतिदेवीकी एक बच्चाकी आमा बिधवा सित विवाह गरेका रहेछन । केही बर्ष पछी रबिले झुक्काएर श्रीमतीको नाममा भएको करोदौको सम्पत्ती आफ्नोओ नाममा बनाइ सकेपछी छोड्पत्र गरेका थिए । श्रीमतीले बेसहरा बनी सम्पत्ती फिर्ता पाउन मुद्दा हालेकी थिन । मुद्दको तहकिकात उन्ले गरेका थिएरे तर मुद्दा अदालत पुर्याई न्याय दिलौनुको साटो एक सत्ती साली नेताको दबाबमा रवीबाट श्रीमतीको लागि केही रकम तिर्न लगाइ, मुद्दा डिस्मिस्स बनैएको थियो रे के गर्नु सर मैले चाहेर पनि ति पीडित महिला को पक्षमा न्याय दिलाउन सकिन, त्यतिके भन्दै थिए हुल्मा तरर तालिको गुन्जायमान भयो, हल भित्र सम्मनित हुने ब्यक्ती रवी थापा प्रमुख अतिथी बरिस्थ नेताको आगमन भएको रहेछ । दुर्क्षात्र खटिएका प्रहरी अधिक्रित उठ्न लाग्दा प्राध्यापक शंकरले उन्को हात समतेर सोधे सर ई रवी र ति रबी एकै हुन्की अरुनै रु अधिक्रित्ले कानमा खुसुक्क भने हो सर उनिनै हुन अरु कुरा नगरौ भन्दै बढे । प्राध्यापक शंकर को दिमाग मा रबी धनी बनेको रहस्य को पर्दा उतारिदै थियो ।कार्यक्रम सुरु भयो नेताले करिब घण्टा लगाएर बतासे बिकास का कुरा अनी सम्मानित हुने रबी को समाज सेवा का बारेमा निक्कै चर्चा गरे ,उन्को भाषाड सकिए पछी आयोजक का तर्फ बाट रबी लाइ दोसल्ला र कदर पत्र दीइयो सब ले ताली पिटे । आयोजक मध्य का एक सदस्य र पार्टि को ठेक्का पाएको कम्पनी को मेनेजर बिच को सम्बाद प्राध्यापक को कन मा ठोकियो ।यो पार्टि को खर्च को बिल कस्को नाम मा लेखोउ रुआयोजक सदस्य ले जवाफ दिए चिन्ता गर्नु पर्दैन कार्यक्रम सकिए पछी हाम्रो रबी जि ले दिनु हुन्छ ।

कार्यक्रम सकियो । नेता फर्किए । सम्मानित ब्यक्तिव रबी सित हात मिलाएर । रबी मक्ख पर्दै आयोजक हरु सित हात मिलाउदै थिए टाढा बाट एउटा आबाज आयो ए रबी भन्दै प्राध्यापक को कान आबाज तिर र आँखा रबी तिर मोडियो । रबी हत्तार हत्तार गर्दै भिड बाट निस्किए कालो शिसा भएको पाजेरो मा बसे र एक्कै झड्का मा गाडी स्टार्ट गरी हुत्तीए । प्राध्यापक जिज्ञासा पूर्ण तरिकाले हेरी राखेका थिए । सम्योगबस ति अधबैसे महिला सुक्क सुक्क गर्दै प्राध्यापक को नगिज बाट अगाडि बड्दै थिन शंकर जिज्ञासा नराखी बस्न सकेनन । उन्ले सोधे बहिनी रबी जि लाई कसरी चिन्नु हुन्छ ? किन खोज्नु भएको वहाँ लाई रुती अर्ध मुर्छित महिला ले एक्कै साँस मा बताइन् ,एक दिन एउटा आफन्त को घरमा भएको भोज को बेला उनी सित भेट भएको थियो कुरै कुरा मा रबीले आफु जापान को ब्यापारि भएको र बिहे गर्ने बिचार ले हाल नेपाल मा आएको भन्यो । मैले पनि कलिलै उमेर मा विवाह भएको ,बिबाह भएको केही दिन पछी नै गाडी दुर्घतनामा श्रीमान को मृत्यु भएको हुँदा सम्पूर्ण कुरो भएर पनि समाज मा जीवन बिताउन गार्हो भएको छ भनी दुखेसो पोख्दा उस्ले नै विवाह गर्ने प्रस्ताब् राख्यो केही दिन को भेटघाट र कुरा कानी पछी विवाह गर्योउ । अर्को महिना जापान बाट फर्केर आई मलाई भन्यो हेर मेरो जापान को ब्यापार बिग्रियो हेर्ने मान्छे पनि भएन तिम्रो नाम को घर जग्गा बेच्नु पर्यो तिमी पनि म संगै जापान जाने अब । होला तनी भनी सबै बेची पैसा उस्लाई दिए । पैसा लिए पछी एउटा सानो कोठा भाडामा लिएर मलाई त्यहा छोडि बेपत्ता भएको थियो । प्रहरी प्रशासन धाए प्रमाण लेउ अनी कारबाही हुन्छ भन्छन । मा सित कुनै प्रमाण छैन । मा आज सडक मा बेस्या बनेर बाँचेको छु यस्ले मलाइ बर्बाद बनयो । त्यस्ता लाई तपाईंहरु समाजसेवी भनी दोसल्ला ओडाई राख्नु भएको छ ।

प्राध्यापकको आँखा रसायो ।सहयोग गर्ने बिचारले एक छिन् अगाडि भेटेको प्रहरी अधिक्रितलाई खोज्न आँखा घुमाए पाल्तिदै गएको भिड्मा उन्लाई देखेनन ।निरास मन ले शान्त हुन एक दिन भगवान ले न्याय दिनेछन भन्ने आस्वासन् दिदै प्राध्यापक घर तिर लगे बाटा मा सोच्दै थिए आँफैले किनेको दोसल्ला ओड्न यत्रो मन्च र नाटक खडा गर्नु पर्ने वा क्या जमाना आयो ।

# संसदमा मिटरब्याजसम्बन्धी विधेयकको खोजी

काठमाडौं/प्रमुख प्रतिपक्षी नेकपा एमालेको अवरोध हटेपछि बसेको प्रतिनिधिसभा बैठकमा मिटर ब्याजसम्बन्धी विधेयकको खोजी भएको छ । शुक्रबार प्रतिनिधिसभामा आकस्मिक र शून्य समयमा बोल्ने सांसदहरुले मिटरब्याजसम्बन्धी विधेयक बैठकको कार्यसूचीमा नपरेको भन्दै प्रश्न गरेका हुन् ।

मिटरब्याजलाई अनुचित लेनदेन मान्ने गरी ल्याएको अध्यादेशलाई प्रतिस्थापन विधेयक २० असारभित्र पास गरिसक्नुपर्थ्यो । प्रधानमन्त्रीको विवादास्पद अभिव्यक्तिलाई लिएर त्यही दिन संसद अवरुद्ध भएपछि अध्यादेश निष्क्रिय भयो । सोमबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले स्पष्टीकरण दिएपछि संसदको अवरोध हट्यो, तर त्यो दिन अरु कार्यसूचीमा प्रवेश गरेन ।

त्यसपछि पहिलो पटक शुक्रबार बसेको बैठकको कार्यसूचीमा मिटरब्याजसम्बन्धी विधेयक परेन । प्रमुख प्रतिपक्षी नेकपा एमालेका सांसद रघुजी पन्तले मिटरब्याजसम्बन्धी विधेयक संसदमा किन नल्याएको भनी प्रश्न गरे । 'एमालेको अवरोधका कारण विधेयक पास भएन भन्दै हिँड्नुभएको थियो । आज हामीले हाउस रोकेका छैनौं, तर विधेयक छैन,' सांसद पन्तले भने ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले त मिटरब्याजसम्बन्धी विधेयक अर्को बैठकमा नल्याए सदन चल्न नदिने चेतावनी नै दिएको छ । सत्तापक्षकै केही दलले विधेयक रोक्न खोजेको भन्दै रास्वपा सभापति रवि लामिछानेले भने, 'मिटरब्याज पीडितहरुलाई न्याय दिने विधेयक आगामी बैठकमा ल्याइएन भने सदन चल्न सक्दैन ।'



सत्तारुढ कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले पनि ढिलो नगरी विधेयक ल्याउन आग्रह गरे । उनले भने, 'मिटरब्याज पीडितलाई न्याय दिने दिन यो संसद अवरोधको शिकार भएको थियो । साउनको झरी उर्लिए जस्तो सबैको भावना उर्लिएको बेला ढिला नगरी यसलाई संसदमा ल्याउन म सरकार सँग माग गर्दछु ।'

संसदको अर्को बैठक ३१ असारमा बोलाइएको छ । त्यो दिन यो विधेयक अगाडि बढ्ने कानुन न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङको विश्वास छ ।

**नयाँ ल्याउने कि पुरानै अघि बढाउने ?**

तर दलहरु ३१ गतेको संसद बैठकमा मिटरब्याजसम्बन्धी विधेयक कुन रुपमा अगाडि बढ्छ भन्नेमा प्रष्ट छैनन् । सरकार र सत्तारुढ दलहरु प्रतिस्थापन विधेयक नै अगाडि बढाउने पक्षमा छन् भने प्रमुख प्रतिपक्षी एमाले नयाँ विधेयक ल्याएर अगाडि जानु संविधान र कानुनसम्मत हुने सुझाउँछ ।

'संसदमा विचाराधीन भनिएको मिटरब्याजसम्बन्धी प्रतिस्थापन विधेयक म्याद सकिएको निर्जिव विधेयक हो' एमाले संसदीय दलका उपनेता सुवास नेम्वाङ भन्छन्, 'राष्ट्रिय सभाले प्रतिस्थापन विधेयक पास गर्‍यो । ६० दिनभित्र पारित प्रतिनिधिसभाबाट पास हुन नसक्दा त्यसको अवस्था शून्य भयो ।'

स्वीकृत अध्यादेश प्रतिस्थापन गर्ने विधेयक अगाडि बढाउनेसम्बन्धी व्यवस्था प्रतिनिधिसभा नियमावलीको नियम ९९ मा छ । 'अध्यादेश प्रतिस्थापन गर्ने विधेयक संविधानको धारा ११४ बमोजिमको अवधिभित्र पारित गरी राष्ट्रपतिबाट प्रमाणीकरण भइसक्नुपर्नेछ' नियमावली ९९ को नियम (३) मा छ ।

संविधानको धारा ११४ मा अध्यादेशसम्बन्धी व्यवस्था छ । संघीय संसदको दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्ने संवैधानिक व्यवस्था छ ।

तर त्यस्तो अध्यादेश जारी भएपछि बसेको संघीय संसदको दुवै सदनमा पेश गरिने छ र दुवै सदनले स्वीकार नगरेमा स्वत: निष्क्रिय हुने भनिएको छ । ''निष्क्रिय वा खारेज नभएमा दुवै सदनको बैठक बसेको ६० दिनपछि स्वत: निष्क्रिय हुनेछ' संविधानको धारा ११४ को उपदफा २ को (ग) मा भनिएको छ ।

संविधान र प्रतिनिधिसभा नियमावलीका यही व्यवस्थाका कारण ६० दिनपछि प्रतिस्थापन विधेयक अगाडि बढाउन नमिल्ने पूर्वसभामुख समेत रहेका नेम्वाङ बताउँछन् ।

रास्वपाले मिटरब्याज सम्बन्धी अध्यादेश प्रतिस्थापन गर्न बनेको विधेयक निष्क्रिय भएको हो वा होइन भन्नेमा प्रष्ट धारणा राखेको छैन । प्रतिस्थापन विधेयक अगाडि बढाउने कि अर्को विधेयक ल्याउन भन्ने सरकारको निर्णयमा भरपर्ने भन्दै उनले दुवै बाटोमा सघाउन आफूहरु तयार रहेको नेताहरु बताउँछन् । सरकारले नयाँ विधेयक ल्याएको अवस्थामा पनि फास्ट ट्र्याकबाट १५ दिनभित्रै दुवै सदनले पास गर्न सकिने रास्वपा सभापति लामिछाने बताउँछन् ।

मिटरब्याज पीडितहरुले आन्दोलन चर्काएपछि सरकारले कानुन बनाएर माग सम्बोधन गर्ने सहमति गरेको थियो । त्यसअनुसार सरकारले २० वैशाखमा अध्यादेश ल्यायो भने २४ गते संसदमा पेश भएको थियो । कुनै पनि अध्यादेश संसद अधिवेशनको पहिलो बैठकमै पेश गर्नुपर्छ भने त्यसको ६० दिनभित्र प्रतिस्थान विधेयक संघीय संसदको दुबै सदनले पास गरिसक्नुपर्छ ।

यो समयसीमा गुज्रिएपछि अध्यादेश निष्क्रिय भयो । यसमा दलहरुबीच पनि कुनै विवाद छैन ।

अध्यादेश निष्क्रिय भए पनि प्रतिस्थापन विधेयक निष्क्रिय नहुनेतर्क सरकार र सत्ता पक्षीय दलहरुको छ । 'वास्तवमा अध्यादेश पो मर्‍यो । सरकारले ल्याएको विधेयक मरेको छैन, प्रतिनिधिसभाको कार्यकाल रहँदासम्म जिवित रहन्छ', अध्यादेश र विधेयकलाई छुट्याएर हेर्दा सहज समाधान निस्कने भन्दै कानुनमन्त्री गुरुङले भने ।

प्रतिपक्षी दलहरुसँग पनि छलफल चलिरहेको भन्दै उनले सहमतिमै अगाडि बढ्ने विश्वास व्यक्त गरे । 'मिटरब्याजसम्बन्धी कानुनको विषयवस्तुमा सत्तापक्ष र प्रतिपक्षको विवाद छैन' उनले भने, 'कन्टेनमा विवाद नहुँदा कहिलेकाहीँ नियम निलम्बन गरेका घटनाहरु पनि प्रशस्तै छन् । अहिले पनि नियमले दिँदैन भनेर संसदमा हलो अड्काउने काम हुन्छ भनेर म विश्वास गर्दिन ।'

*(स्रोत: अनलाइनखबर)*

# 'बगान' प्रदर्शनमा, सरोज खनालको निर्देशकीय परीक्षा

काठमाडौं/नेपाली फिल्ममा तीन दशक बिताइसकेका अभिनेता सरोज खनालको पहिलो निर्देशित फिल्म 'बगान' शुक्रबार बाट हलको पर्दामा लागेको छ । अभिनयमा अब्बल मानिने खनालको पहिलो निर्देशन रहेकाले फिल्मप्रति दर्शकले ठूलो अपेक्षा राखेका छन् । यो उनको निर्देशकीय परीक्षा पनि हो । यसमा उनी उत्तीर्ण हुन फिल्मको व्यापारिक सफलता र निर्देशन पक्षको प्रशंसा जरुरी छ ।



निर्देशक खनालले फिल्ममा एकल महिलाको पुनर्विवाहको कथा प्रस्तुत गरेका छन् । अभिनेत्री करिश्मा मानन्धरले फिल्ममा एकल आमाको भूमिका निर्वाह गरेकी छन् भने उनको छोरीको भूमिकामा नव-अभिनेत्री प्रमिला कार्की छिन् । फिल्मको कथा उनीहरुमै केन्द्रित छ । एकल महिलालाई समाजले गर्ने तुच्छ व्यवहार र आमाको पुनर्विवाह गर्न छोरीले गरेको संघर्षमा फिल्म आधारित छ ।

'बगान' एकल महिलाको कथामाथि निर्माण भएकाले निर्माण टिमले एकल महिलालाई नि:शुल्क फिल्म देखाउने निर्णय पनि गरेको छ । यसका लागि सरकारद्धारा जारी पत्र लिएर हल जानुपर्नेछ । स्वप्न नीरवले लेखेको कथामा आधारित फिल्ममा निर्देशक खनाल स्वयंको पनि अभिनय छ । नीर शाह, मिथिला शर्मा, बसुन्धरा भुषाल, आकाश श्रेष्ठलगायतको पनि फिल्ममा अभिनय रहेको छ ।

नेपाली वेबसाइट डटकमसँग केबी फिल्म्सले सहकार्य गरेको 'बगान'को निर्माता सुरेश वाग्ले र कार्यकारी निर्माता विनोद मानन्धर हुन् । फिल्ममा गौरीशंकर धुजुको डिओपी, उत्सव दाहाल र नारायण जिसीको छायांकन, अर्जुन जिसी, राजेश शाह र सन्देश शाहको सम्पादन, समिर मियाँको भीएफएक्स, रेनिश फागोको कलर करेक्शन तथा सुजिल कर्माचार्यको ब्याकग्राउन्ड स्कोर छ ।

**'बिहे पास' रि-रिलिज**

शुक्रबारबाट 'बगान'सँगै अभिनेता दयाहाङ राई र अभिनेत्री प्रकृति श्रेष्ठ अभिनीत फिल्म 'बिहे पास' पुन: प्रदर्शनमा आएको छ । यो फिल्म गत बैशाख १ गते सार्वजनिक प्रदर्शन भएको थियो । त्यसबेला फिल्म 'जारी'को चेपुवामा परेर असफल भएको फिल्मलाई निर्माताले हल सञ्चालकको आग्रहका कारण पुन: प्रदर्शन गरेको बताएका छन् । फिल्मलाई प्रवेश पौडेलले निर्देशन गरेका हुन् ।

# 'एक भगवत् गीता'को टिजरमा कमलामाई अवतारमा विपिन

काठमाडौं/फिल्म 'भगवत् गीता' शीर्षकको अगाडि 'एक' शब्द थप्दै टिजर सार्वजनिक गरिएको छ । शुक्रबार युट्युबमा सार्वजनिक १ मिनेट ३२ सेकेण्डको टिजरमा अभिनेता विपिन कार्कीको लुक्स र भूमिकाले 'सरप्राइज' बनाउन सक्छ । ट्रान्सजेन्डर महिलाको भूमिकामा उनी प्रस्तुत छन् । टिजरमा उनलाई कमलामाई अवतारमा चित्रण गरिएको छ । विपिनको चरित्र हिंसात्मक भावको देखिएको छ ।



टिजर जनकपुरधामस्थित जानकी मन्दिरबाट सुरु छ । अभिनेत्री सुहाना थापा डराएको भावमा देखिएकी छन् भने अभिनेता धिरज मगर गुरुङ परिहनमा प्रस्तुत छन् । उनीहरुले कम 'स्क्रिन स्पेश' पाएको टिजरमा विपिन कार्की हाइलाइटमा छन् । वेश्यालयको कथालाई फिल्मले उठाएको हुनसक्ने टिजर बाट बुझाउँछ । विपिनको लुक्सले नै फिल्मप्रति दर्शकमा कौतुहलता बढाउन सक्छ ।

झरना थापाद्वारा निर्देशित फिल्ममा कबीर खड्का, जेविस र जेविन श्रेष्ठ, संजोग रसाइली, मुकेश झा, अनुराग कुँवर, राम कैलाश ठाकुर, धिरज ठाकुरलगायतको पनि अभिनय छ । सुनिल कुमार थापाको निर्माण रहेको फिल्मको कथा निर्देशक थापा स्वयंको हो । झरनासँगै सरिन पोखरेल, परिक्षेद सेन, पुरुषोत्तम ढंगेल र कृष्णको पटकथा रहेको फिल्ममा परिक्षेद र पुरुषोत्तमको संवाद छ ।

राजेश श्रेष्ठको छायांकन, मित्र डि गुरुङको सम्पादन, हिमाल केसीको द्वन्द्व, कविराज गहतराजको कोरियोग्राफी तथा शैलेश श्रेष्ठको ब्याकग्राउण्ड स्कोर रहेको फिल्मको निर्माता सुहाना थापा हुन् । झरनालाई 'ए' शब्द फापेको छ । उनी निर्देशित 'ए मेरो हजुर'का तीनटै सिरिज सफल भएका थिए । यसैले उनले 'भगवत् गीता'मा पनि 'ए' शब्द राखेकी हुन् । फिल्म भदौ २९ गते प्रदर्शन हुँदैछ ।

# 'हामी तीन भाई'को मुहूर्त, को-को छन् कलाकार ?

काठमाडौं/स्वर्गीय निर्देशक शिव रेग्मीद्वारा निर्देशित सुपरहिट फिल्म 'हामी तीन भाई' शीर्षकमा करिब दुई दशकपछि फेरि एकपटक फिल्म निर्माण हुने भएको छ ।

मधुसुदन भट्टराईको निर्देशनमा बन्न लागेको फिल्मको शुक्रबार गोर्खाको मनकामना मन्दिर मा स्क्रिप्ट तथा क्ल्याप पूजा गर्दै मुहूर्त गरिएको छ । फिल्मको छायांकन आगामी साउन १० गतेबाट सुरु हुने निर्देशक भट्टराईले जानकारी दिए ।

फिल्ममा विनोद न्यौपाने, कुशल बिष्ट, जाहान्वी बस्नेत, राजाराम पौडेल, रवीन्द्र झा, बिष्णु सापकोटा हर्के हवल्दार, दीपक बिडारी, फलित राई, तारा शर्मा, भुवन कुमार काफ्ले, नयन कला फुयाँल, पवन केसीको अभिनय रहनेछ । फिल्मका लागि दुई अभिनेत्री अझै छनोट गरिने बताइएको छ । निर्देशक भट्टराईको कथा रहेको फिल्मको पटकथा तथा संवाद शिवम् अधिकारीले लेखेका हुन् ।

साजित महत प्रस्तुतकर्ता, विक्रम तामाङ कार्यकारी निर्माता, त्रिरत्न श्रेष्ठ निर्माता र प्रतिमा थापा पोखरेल र भक्तलाल श्रेष्ठ फिल्मको सह-निर्मातामा छन् ।

# सरकारले भन्यो- १ साउनदेखि सबै सशुल्क विदेशी च्यानल बन्द

काठमाडौं/सरकारले आगामी १ साउन अर्थात् सोमबार देखि सबै सशुल्क प्रसारण हुन विदेशी च्यानल बन्द हुने अवस्था आएको बताएको छ । सूचना तथा प्रशारण विभागले एक विज्ञप्ति जारी गर्दै 'अला कार्ट' शुल्क प्रणालीका लागि सरकारले मागेबमोजिम बुकेहरु (च्यानलहरुको प्याकेजहरु) प्राप्त नभएको भन्दै यस्तो अवस्था सिर्जना भएको बताएको छ ।

भारतीय स:शुल्क (पे) टीभी च्यानल प्रसारक संस्थाहरुले नेपालको 'अला कार्ट' प्रणाली लागू गर्न सहयोग नगर्ने बताएपछि विभागले सम्बद्ध सबैलाई सरकारी निर्णयलाई दृढतापूर्वक सहयोग गर्न अपील गरेको छ । भारतीय च्यानहरुको छाता संगठन इण्डियन ब्रोडकास्टिङ एण्ड डिजिटल फाउन्डेसनले सूचना तथा प्रसारण विभागलाई पत्राचार गर्दै च्यानलहरुको बुके बनाएर मूल्य तोक्ने र प्रत्येक च्यानलको छुट्टा छुट्टै मूल्य तोक्ने कुरा मान्य नहुने जानकारी गराएको छ । यसको प्रतिक्रिया स्वरुप सरकारले विदेशी च्यान्नलको प्रसारण रोकिने अवस्था आएको जानकारी दिएको हो ।

विभागका प्रवक्ता सुदीप भट्टराईले जारी गरेको विज्ञप्तिमा सरकाले मागअनुसार बुके र शुल्क नबुझाएकाले अला कार्ट प्रणाली लागु गर्न अवरोध देखिएको उल्लेख छ । सरकारले २८ असारसम्म विदेशबाट पैसा तिरेर खरिद गरिने विदेशी च्यानलहरुले बुके र यस्तो बुकेमा र हने च्यानलको प्रत्यके च्यानलको छुट्टा-छुट्टै मूल्य बुझाउनुपर्ने नियम बनाएपनि कोही पनि तयार नभएका हुन् ।

सोनी, जी, डिस्कभरी, स्टार, कलर्स, एचबीओ, लगायतका विदेशी च्यानलका प्याकेज दिनेहरुले बुकेहरु, त्यसको मूल्य र बुकेमा हुने च्यानलहरुको प्रति इकाइ मूल्य प्रस्ताव नगरेका हुन् । यस्ता च्यानलले नेपालमै प्रतिनिधिहरु तोकेका छन् । उनीहरुले यस्तो च्यानलका प्याकेज यहाँका टेलिभिजन सेवा वितर कहरुलाई बेच्ने गरेका छन् ।

तर, उनीहरु सरकारले मागअनुसारको बुके र त्यसको मूल्य बुझाउन तयार नभएपछि सरकार सबै सशुल्क विदेशी च्यान रोक्ने निष्कर्षमा पुगेको हो । स्रोतका अनुसार विभागले बुके र शुल्कको विवरण विदेशी च्यानलका प्याकेज ल्याउने सबै विदेशी सिग्नल वितरक र अपरेटरहरूलाई पनि साउन १ देखि प्रसारण बन्द गर्न पत्राचार गरि सकेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले १५ चैत, २०७९मा टेलिभिजन (टिभी) सेवामा 'अला कार्ट' मूल्य प्रणाली लागु गर्ने निर्णय गरेको थियो ।

राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम नेपालमा टेलिभिजन च्यानलहरुको सिग्नल वितरण गर्ने इजाजतपत्र प्राप्त संस्थाहरु (जस्तै: केबल, एमएओ, डीटीएच, आईपीटीभी, एमएमडीएस, डीटीटीबी) ले उपभोक्ताबाट लिन पाउने शुल्कलाई पारदर्शी, व्यवस्थित तथा वैज्ञानिक बनाउन भन्दै यो प्रणाली लागू भएको हो । मन्त्रीस्तर को निर्णयानुसार 'अला कार्ट' मूल्य प्रणालीअनुसार शुल्क निर्धारण भइसकेको छ । यसअनुसार न्यूनतम (बेसिक) प्याकेज शुल्क बापत मासिक २५० रूपैयाँ तय भएको छ ।

बेसिक प्याकेज अन्तर्गत प्रसारण संस्थाले नेपाली टेलिभिजन च्यानलहरु तथा विदेशी फ्रि टु एयर टेलिभिजन च्यानलहरु उपभोक्तालाई देखाउनु पर्ने छ । त्यस्ता टेलिभिजन च्यानलहरुमा सूचनामूलक, समाचार मूलक, शिक्षाप्रद, मनोरञ्जनात्मक, खेलकुद आदि विषयवस्तुहरु समावेश भएको हुनु पर्ने व्यवस्था गरिएको छ । स-शुल्क च्यानलहरु प्रसारण गरे बापत अलग अलग रुपमा वा च्यानलहरुको 'बुके'को आधारमा उपभोक्ताबाट शुल्क लिन पाइनेछ । प्रत्येक 'बुके'को अधिकतम मूल्य ४० रूपैयाँ मात्रै राख्न पाइन्छ ।

स-शुल्क टेलिभिजन च्यानल बापत मासिक अधिकतम २५०रूपैयाँ भन्दा बढी उपभोक्ताबाट लिन नपाइने व्यवस्था भएको छ । स:शुल्क टेलिभिजन च्यानलहरुमा सूचनामूलक, समाचारमूलक, शिक्षाप्रद, मनोरञ्जनात्मक, खेलकुद आदि विषय वस्तुहरु समावेश भएको हुनु पर्ने व्यवस्था छ ।

बेसिक प्याकेजको शुल्क २५० र स:शुल्क प्याकेजको अधिकतम शुल्क २५० गरी हालको लागि मासिक ५०० रूपैयाँभन्दा बढी उपभोक्तासँग लिन नपाइने नियम छ । तर, नियमको परिधिभित्र सशुल्क च्यानलहरु नआएपछि सरकारले नै पैसा तिरेर किनिने डाउनलिंक अनुमति लिएका च्यानलहरुको प्रसारण रोक्ने अवस्था आएको बताएको छ ।

अब १ साउनदेखि नेपालमा डाउनलिंक अनुमति लिएका सशुल्क च्यानल नेपालका प्रसारण भएबापत विदेशी च्यानलले लैजाने विदेशी मुद्राको सटहीको सुविधा बन्द हुने भएकाले यस्तो अवस्था आएको हो ।

उपभोक्ताबाट उठाइएको पैसा वितरकमार्फत विदेश जान नै रोकिने हुँदा नेपालमा विदेशी च्यानल नै बन्द हुनेसम्मको अवस्था आएको हो । सरकारले लागु गर्न लागेको अला कार्ट प्रणालीमा स-शुल्क टेलिभिजन च्यानलहरु रोज्ने वा नरोज्ने भन्ने विषयमा उपभोक्ता स्वयमले निर्णय गर्न पाउने र सो निर्णयलाई प्रसारण संस्थाले अनिवार्य रुपमा पालना गर्नु पर्ने व्यवस्था गरिएको छ ।

नियमअनुसार विदेशी स-शुल्क टेलिभिजन च्यानलहरु नेपालमा डाउनलिङ्क अनुमति लिई प्रसारण गर्न स्थानीय वितरक चयन गरी कार्य सम्झौता गरेर विना भेदभाव सम्पूर्ण नेपाली प्रसारण संस्थाहरुलाई सिग्नल उपलब्ध गराउनुपर्ने हुन्छ । नयाँ शुल्क प्रणालीमार्फत स-शुल्क टेलिभिजन च्यानलको 'बुके'बाट उठ्ने शुल्कबारे ठोस व्यवस्था गरिएको छ र यसैअनुसार मूल्य तय हुनेछ । 'उदाहरणको लागि १० रूपैयाँको एउटा शुल्कबाट १३ प्रतिशत भ्याट (१.३० रूपैयाँ) कट्टा गरी बाँकी रकम ८.७० रूपैयाँमध्ये आधा ४.३५ रूपैयाँ कन्टेन्ट प्रोभाइडर (पे टिभी)लाई र बाँकी आधा ४.३५ रूपैयाँ प्रसारण संस्थाले पाउने व्यवस्था गरिएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

टिचिङ अस्पतालमा कर्मचारी मृत्यु प्रकरण :

# प्रशासन प्रमुखसहित ४ जना पक्राउ

काठमाडौं/त्रिभुवन विश्वविद्यालय मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर महाराजगञ्जमा भएको एक कर्मचारीको मृत्युबारे अनुसन्धानका लागि प्रहरीले ४ जनालाई नियन्त्रणमा लिएको छ ।

परिवारले आत्महत्या दुरुत्साहनको कसूरमा किटानी जाहेरी दिएपछि प्रशासन प्रमुख भोजकुमार बस्नेत, फार्मेसी इञ्चार्ज जुना स्थापित, फार्सेसी सहायक विष्णु पौडेल र कृष्ण पन्तलाई प्रहरीले पक्राउ गरेको हो ।

परिवारको जाहेरीले पछि पक्राउ परेका उनीहरुलाई प्रहरी वृत्त, महाराजगञ्जको हिरासतमा राखिएको छ ।

शुक्रबार बिहान साढे ८ बजेतिर अस्पतालका फार्मेसी इञ्चार्ज अमृत पोखरेल झुण्डिएको अवस्थामा मृत भेटिएका थिए । लगत्तै प्रहरी वृत्त, महाराजगञ्जको टोली घटनास्थलमा पुगेको थियो ।

त्यसक्रममा सुसाइड नोट पनि फेला परेको थियो । पोखरेल मृत भेटिएपछि दिनभर अस्पतालमा तनावको स्थिति सिर्जना भएको थियो ।

अस्पताल स्रोतका अुनसार, पोखरेलसहित ७ जना कर्मचारीलाई बिहीबार मात्रै स्पष्टीकरण सोधिएको थियो । 'औषधिमा हिनामिना गरेको आरोपमा प्रशासन प्रमुख बस्नेत समेत भएको समितिले छानबिन गरिरहेको थियो', स्रोतले भन्यो, 'छानबिन भइरहेको बेला उनी मृत फेला परे ।'

प्रहरी स्रोतका अनुसार, दुई वटा पानामा भएको सुसाइड नोटमा पनि उनले आफूलाई फसाउन खोजिएको जिकिर गरेका छन् ।

'आफूले गल्ती गरेर मलाई फसाउन खोज्ने, ब्ल्याकमेल गर्नेहरुको जय होस्', उनले भनेका छन् । स्रोतका अनुसार उनले केही साथीहरुलाई उल्लेख गरेर धन्यवाद भनेका छन् भने परिवारबारे पनि लेखेका छन् ।

यसैबीच, मृतकको परिवारले घटनाबारे छानबिनका लागि उच्च स्तरीय समितिको माग गरेका छन् । पोखरेललाई जोडिएको प्रकरणमा समेत सत्यतथ्य छानबिन गर्ने गरी समिति गठनको माग गर्दै उनीहरुले शव उठाएका थिएनन् ।

काठमाडौं प्रहरीका अनुसार शुक्रबार साँझ चार जनालाई पक्राउ गरेपछि शव उठाउने वातावरण बनेको छ । पोष्टमार्टमका लागि शव पठाएर थप अनुसन्धान अघि बढाउने प्रहरी तयारी छ ।

*(स्रोत: अनलाइनखबर)*

साझाकुरा

"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

# मातृभूमिद्वारा आधा दर्जन पुरस्कारको घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, २९ असार/ महालक्ष्मी विकास बैंक र मातृभूमि साहित्य समाज मकवानपुरले संयुक्त रुपमा प्रदान गर्दै आइरहेको महालक्ष्मी साहित्य पुरस्कार यसवर्ष वरिष्ठ साहित्यकार प्रा.डा.गोविन्दराज भट्टराईलाई प्रदान गरिने भएको छ ।

नेपाली साहित्यमा महत्वपूर्ण योगदान पुऱ्याएबापत भट्टराईलाई ५१ हजार राशीको पुरस्कार प्रदान गर्न लागिएको हो । त्रिभुवन विश्वविद्यालयका प्राध्यापक रहेका भट्टराई अनुवादक, उपन्यासकार, अनुसन्धानदाता र कवि समेत हुन् । मातृभूमि र महालक्ष्मी विकास बैंकले संयुक्त रुपमा प्रदान गर्दै आएको यो २१ औं पुरस्कार हो । अघिल्लो वर्ष यो पुरस्कार साहित्यकार श्रवण मुकारुङले प्राप्त गरेका थिए ।

वित्तीय क्षेत्रमा काम गरिरहेको संस्थाले साहित्यको श्रीवृद्धिका लागि साहित्य पुरस्कारमा सहकार्य गरेको भन्दै मातृभूमि साहित्य समाजका अध्यक्ष माधव पोखरेलले कृतज्ञता प्रकट गरेका छन् । त्यस्तै, समाजले यसवर्षको केशवलाल स्मृति मातृभूमि पत्रकारिता पुरस्कारबाट हेटौंडाका पत्रकार सुरेश श्रेष्ठलाई पुरस्कृत गर्ने भएको छ । यो पुरस्कार ईश्वर मैनालीले आफ्नो बुबाको स्मृतिमा स्थापना गरेको पुरस्कारको राशी ७ हजार पाँच सय रुपैयाँ रहेको छ । यो पुरस्कार ६ गते हेटौंडामा विशेष कार्यक्रमकाबीच प्रदान गरिने आयोजकले जनाएको छ ।

यसैबीच मातृभूमि साहित्य समाजले यसवर्षको आधा दर्जन वर्षाकालीन पुरस्कारसमेत घोषणा गरेको छ । शुक्रबार पत्रकार सम्मेलन गर्दै समाजले मकवानपुरका साहित्यकार आरआर चौलागाईंलाई १५ हजार राशीको श्याम श्रेष्ठ स्मृति मातृभूमि पुरस्कार प्रदान गरिने भएको छ भने ईश्वर स्मृति मातृभूमि पुरस्कारबाट शैलेन्दु प्रकाश नेपाललाई पुरस्कृत गरिँदैछ । सो पुरस्कारको राशी पनि १५ हजार रुपैयाँ नै रहेको छ ।

यस्तै १५ हजार राशीकै होमनाथ बलदेवी मातृभूमि छन्द पुरस्कार चितवनका साहित्यकार लकाश पौडेललाई प्रदान गरिँदैछ । शेखर शर्मा रिजाल स्मृति मातृभूमि शैक्षिक सम्मान पुरुषतर्फ हेटौंडाका सेवानिबृत्त शिक्षक एबम् मकवानपुरको पहिलो ब्यङ्ग्यकार रामचन्द्र आचार्य 'फुर्सती' र महिलातर्फ अमर माविकी प्रधानाध्यापक मालती उप्रेतीलाई प्रदान गर्न लागिएको समाजका अध्यक्ष पोखेलले बताए ।

यस्तै, झलकबहादुर बानियाँ जीवन संघर्ष मातृभूमि सम्मान २०७९बाट कमला आधार भूत विद्यालय हेटौंडा-१८ का एकजना विद्यार्थीलाई पुरस्कृत गर्न लागिएको छ । पुरस्कारको राशी सात हजार पाँच सय रहेको छ । समाजले यी पुरस्कारहरु आगामी श्रावण ५ गते पल्पसा सदनमा बिशेष कार्यक्रमको आयोजना गरी प्रदान गरिने समाजका अध्यक्ष पोखेलले बताए ।

पत्रकार सम्मेलनमा मातृभूमि साहित्य समाजका पूर्वअध्यक्ष हयग्रीव आचार्य, महालक्ष्मी विकास बैंकका हेटौंडा शाखा प्रबन्धक अनन्तराज धिताल, साहित्यसेवी मुक्तिगोविन्द वैद्य, हेमन्त ढुंगेल, किशन पौडेल, नेपाल पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष राममणि दाहाल, भानुभक्त आचार्यलगायतको उपस्थिति रहेको थियो ।

# हेटौंडा इजलासको आदेशले रावल धरौटीमा रिहा



साझाकुरा संवाददाता

हेटौंडा, २९ असार/ आत्महत्या दुरुत्साहनको आरोपमा थुनिएको ७१ दिनपछि चितवनका जीवनबहादुर रावल धरौटीमा रिहा भएका छन् ।

उच्च अदालत पाटन हैटौंडा इजलासले उनलाई साढे ५ लाख रुपैयाँ धरौटीमा छोड्ने आदेश गरेको उच्च अदालत हैटौंडा इजलासका सूचना अधिकारी केशवराज कौशिकले जानकारी दिए । अनमोल फिड्स प्रालिका पूर्वप्रबन्ध निर्देशक शंकर कँडेलले आफूलाई सहयोग नगरेको आरोपकै आधारमा समातिएर थुनामा रहेका रावललाई छोड्ने आदेश न्यायाधीशद्वय राजेश्वर तिवारी र मेरिना श्रेष्ठको संयुक्त इजलासले गरेको हो । कँडेलले आत्महत्या गर्नुअघि लेखेको सुसाइड नोटका आधारमा रावल २१ वैशाखमा पक्राउ परेका थिए । उनी अनमोल फिड्समा लेखापालका रपमा काम गर्दै आएका थिए ।

२० वैशाखमा आत्महत्या गरेका कँडेलले सुसाइड नोटमा आफूले भनेअनुसार रावलले नसघाएको लेखेका थिए । सोही आधारमा चितवन जिल्ला अदालतको आदेशमा रावल पुर्पक्षका लागि थुनामा थिए । सरकारलाई प्रतिवादी बनाई २५ जेठमा उनका तर्फबाट उच्च अदालत हेटौंडा इजलासमा पुनरावेदन परेको थियो । बारम्बार पेसी सर्दासर्दा (बिहीबार) अदालतले रावललाई धरौटीमा छोड्न आदेश दिएको हो ।

२०७६ सालमा चितवनमै तत्कालीन पत्रकार रवि लामिछाने सहित तीन जनालाई चितवन जिल्ला अदालतले पत्रकार शालिकराम पुडासैनी आत्महत्या दुरुत्साहन मुद्दामा १२ दिनमै धरौटीमा रिहा गरेको थियो । त्यसको एक वर्षपछि तीनै जनाले सफाइ पाए । आत्महत्या गर्नुअघि पुडासैनीले तीन जनाको नामै किटेर आफूलाई मर्न बाध्य पारेको बताएका थिए । तर, शंकर कँडेलले सुसाइड नोटमा नाम उल्लेख गरेकै आधारमा जिल्ला अदालत चितवनले रावललाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो । उनी ७१ दिनदेखि भरतपुरस्थित कारागारमा थिए । एकै प्रकृतिका मुद्दामा अदालतबाट भएको पक्षपातको धेरैले विरोध गर्दै आएका थिए ।

# मनहरीमा १९ प्रधानाध्यापकले दिए सामूहिक राजीनामा

साझाकुरा संवाददाता





हेटौंडा, २९ असार/ मनहरी गाउँपालिकाभित्र रहेका १८ वटा प्राथमिक विद्यालय र १ माविका प्रधानाध्यापकले सामूहिक राजीनामा दिएका छन् । गाउँपालिकाले शैक्षिक गुणस्तरका लागि प्रधानाध्यापकको सरुवा गर्न खोजेको र मिडियाबाजी गरिएको प्रअहरुले बताएका छन् ।

योग्य, सक्षम र क्षमतावान शिक्षकलाई प्रधानाध्यापक नियुक्त गर्न मार्गप्रशस्त गर्नका लागि राजीनामा दिइएको प्रअहरुको तर्क छ । विभिन्न कार्यक्रममा गाउँपालिका अध्यक्ष रन्जन कालाखेतीले प्रधानाध्यापकको कारण विद्यालय बिग्रिएको र अब गाउँपालिकाले जसरी भएपनि प्रधानाध्यापक सरुवा गर्ने अभिब्यक्ति दिइरहनुभएको र स्थानीय पत्रिकामा समेत त्यसबारे समाचार प्रकाशन भएको उल्लेख गर्दै प्रधानाध्यापकहरुले राजीनामापत्रमा लेखेका छन् ।

'हामी कार्यरत प्रअहरुको कस्तो दोष र कसुरमा दण्डित हुनुपर्ने हो ? सहमति बिपरितको सरुवा सजाय हो भन्ने महसुस गरी यो अन्योलको परिस्थितिले हामी सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापकलाई काम गर्ने मनोबल समेत कमजोर भइरहेको परिस्थिति छ ।' प्रधानाध्यापकहरुले दिएको सामूहिक राजीनामा साउन १ गतेबाट लागू हुने गरी दिइएको उल्लेख छ ।

तर, सामूहिक राजीनामा गाउँपालिका अध्यक्षलाई बुझाउन जाँदा गाउँपालिकाले नलिएको र अपमानपूर्वक फर्काइएको नेपाल शिक्षक महासंघ मनहरीका अध्यक्ष नवराज डोटेलले बताए । संघीय शिक्षा ऐन, नियमावली तथा गाउँपालिका शिक्षा ऐन तथा नियमावलीहरुमा समेत प्रधानाध्यापक सरुवा गर्ने कुनै प्रावधान नरहेको बताइएको छ ।

गाउँपालिकाले प्रधानाध्यापकहरुको सरुवा गर्नुपूर्व पालिकाभित्रका विद्यालयका प्रधानाध्यापकको जिम्मेवारी निर्वाह गर्न सक्षम र योग्यता पुगेका शिक्षकबाट ५ वर्षको प्रस्ताव माग गर्ने र पालिकाले बिज्ञ टोलीबाट प्रस्तावपत्रको अध्ययन गरी प्रअ छनोट गर्ने बिधिमा जानुपर्ने प्रअहरुले बताएका छन् ।

उत्कृष्ठ कार्ययोजना सहितको प्रतावक शिक्षकलाई ५ वर्षको प्रअको नेतृत्व जिम्मा दिएर कार्यसम्पादन करार सम्झौता गर्दा शिक्षामा गुण्स्तर आउने सम्बद्ध बिज्ञहरुले बताएका छन् । जथाभाबी प्रअको सरुवा गर्दा मनहरीको शिक्षामा अपेक्षाकृत सुधार हुनुभन्दा त्यसको नकारात्मक प्रभाव पर्न सक्ने खतरा रहेको बिज्ञहरुले बताएको छन् ।

# परिवार नियोजन संघको नेतृत्वमा ईश्वर पण्डित

साझाकुरा संवाददाता

हेटौंडा, २९ असार/नेपाल परिवार नियोजन संघ मकवानपुरमा नयाँ नेतृत्व चयन भएको छ । नेपाल परिवार नियोजन मकवानपुरको ३० औ साधरणसभा तथा अधिवेशन शुक्रबार सम्पन्न भएको हो ।

भेलाले ईश्वर पण्डितको सभापतित्वमा नयाँ कार्यसमिति चयन गरेको हो । नवनिर्वाचित समितिमा कोषाध्यक्ष फूलमान श्रेष्ठ, महिला सदस्य विना श्रेष्ठ, रमी विष्ट रहेका छन् । यसैगरी युवा सदस्य यूनिष श्रेष्ठ, जयन्ती श्रेष्ठ र प्राची खतिवडा तथा विशेषज्ञ सदस्यमा अजय मानन्धर , शोभा कोइराला र गोरीमाया लामा चयन भएका छन् ।

संघ मकवानपुरको उपसभापति शोभा कोइरालाको अध्यक्षतामा र संघका केन्द्रीय सदस्य निगम श्रेष्ठको प्रमुख आतिथ्यतामा अधिबेशन भएको हो । प्रमुख अतिथि श्रेष्ठले २०४२ सालमा स्थापना भएको यस सस्थाले विरामीलाई टोलटोलमा गएर सेवासुविधा उपलब्ध गराउँदै आएको बताएका छन् । संघले हेटौंडाको बसामाडी, हटियामा सामुदायिक क्लिनिक खोलेर सेवासुविधा दिँदै आएको र साप्ताहिकरुपमा हेटौंडाको पदमपोखरी, चुरियामाई, एचआईडी, निवुवाटार, भैसे, लोथरमा साप्ताहिक क्लिनक संचालन गरेर विरामीलाई सेवासुविधा दिदै आएको वताए ।

यस संस्थाले मकवानपुरको दुर्गम क्षेत्रमा पनि सिविर आयोजना गरी विरामीलाई सेवा दिइरहेको उनले बताए । संस्थाले यौन तथा प्रजनन स्वास्थ्य सेवासम्बन्धी, सुरक्षित गर्भपतन, मातृशिशुसेवा, एचआइभी एड्स, ल्यावसम्बन्धी सेवा महिलाको पाठेघरको मुखमा हुने क्यान्सर परीक्षण जस्ता विभिन्न सेवा तथा सुविधा उपलब्ध गराउँदै आएको श्रेष्ठले बताएका छन् । श्रेष्ठले नयाँ कार्यसमितिलाई बधाई दिँदै आफूले संस्थालाई निरन्तर सहयोग गर्नै प्रतिवद्धता समेत प्रकट गरेका थिए ।

# एकैदिन तीनजना मृत भेटिए

हेटौंडा, २९ असार/ मकवानपुरका शुक्रबार एकैदिन तीनजना झुण्डिएको अवस्थामा मृत फेलापरेका छन् । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार हेटौंडा उपमहानगरपालिकामा दुई र थाहा नगरपालिकामा एकजना झुण्डिएको अवस्थामा मृत भेटिएका हुन् ।

हेटौंडा उपमहानगर पालिका-१, चौकीटोल बस्ने वर्ष ५१ को तुल्सीराम रिमाल आफ्नै घरको सिलिङमा सलको पासो लागाएर झुण्डिएको अवस्थामा मृत फेलापरेको प्रहरीले जनाएको छ । त्यस्तै, हे.उ.म.न.पा.-१३, टुटेपानी गौरवटोल बस्ने अन्दाजी बर्ष ३५ कि शान्ति मोक्तान आफ्नै गाईको गोठमा सलको पासो लगाएर झुण्डिएको अवस्थामा मृत फेलापरेको प्रहरीले जनाएको छ ।

# हेटौंडा एकेडेमीले मनायो भानु जयन्ती

साझाकुरा संवाददाता

हेटौंडा, २९ असार/हेटौंडा उपमहानगरपालिका-१०, स्थित हेटौंडा एकेडेमीले भानु जयन्तीको अबसर मा कार्यक्रम आयोजना गरेको छ ।

शुक्रबार देशै भर भानु जयन्ती विभिन्न कार्यक्रमको आयोजना गरी मनाउँदा हेटौंडा एकेडेमीले पनि आदीकवि भानुभक्त आचार्यलाई सम्झिएको हो ।

भीम विराग संगीत साहित्य कला प्रतिष्ठान नेपालका अध्यक्ष हयग्रीव आचार्यको प्रमुख आतिथ्यमा सम्पन्न भएको भानु जयन्ती विशेष कार्यक्रम हेटौंडा एकेडेमी बाल क्लबका अध्यक्ष एवं कक्षा १० का छात्र सुरज चौरसियाको अध्यक्षतामा भएको हो । कक्षा ९ को छात्र गौतम कुशवाह र कक्षा ९ कै छात्रा आँचल सुबेदीले संचालन गरेको उक्त कार्यक्रमको मुख्य आकर्षणको रूपमा कविता प्रतियोगिता रहेको थियो । कक्षा ५ देखि कक्षा १० सम्म अध्ययन गर्ने विद्यार्थीहरुले उक्त कविता प्रतियोगिता आ-आफ्नो रचना वाचन गरेका थिए ।

मकवानपुरे साहित्यको श्रीवृद्धिमा लागिपर्नु भएका प्रमुख अतिथि आचार्यले साहित्यिक कार्यक्रमले विद्यार्थीहरुमा साहित्यिक संस्कारको विकास गर्ने हुँदा यस्ता कार्यक्रमहरू विद्यालयमा निरन्तर आयोजना हुनुपर्नेमा जोड दिए । उनले हेटौंडा एकेडेमी र यसमा अध्ययनरत विद्यार्थीहरुको सफलताको कामना गरे ।

विशिष्ठ अतिथिको रूपमा उक्त कार्यक्रमलाई सम्बोधन गर्दै प्रगतिशील लेखक संघकी केन्द्रीय सचिवालय सदस्य एवं नेपाल प्रज्ञा प्रतिष्ठानको काव्य विभाग सदस्य शान्ति प्रियबन्दनाले हरेक मानिसमा केही न केही प्रतिभा हुने र आफ्नो प्रतिभा चिनेर त्यसलाई आफ्नो अठोटले चम्किलो बनाउनुपर्ने बताइन । हेटौंडा उपमहानगरपालिका वडा नम्बर ११ कि वडा अध्यक्ष जुना दाहालले कार्यक्रम सफलताको शुभकामना व्यक्त गरेकि छन् ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अरुणराज सुमार्गीले शुभ कामना मन्तव्य व्यक्त गर्दै यस्ता कार्यक्रमहरुले विद्यार्थीहरुको प्रतिभा उजागरको लागि मौका प्रदान गर्नुको साथ साथै यस्तो कार्यक्रमको बहानामा अरु धेरै सकारात्मक कुराहरू सिक्ने हुँदा सम्पूर्ण विद्यार्थीहरुले मौकाको फाइदा लिनुपर्ने बताए ।

विद्यालयका प्रमुख कार्यकारी अधिकृत रमेश रिमालले संसारमा थोरै मान्छेहरू मात्र भौतिक रूपमा मरेर पनि आफ्नो सत्कर्मको कारण युगौं युगसम्म बाँचिरहेको र भानुभक्त आचार्य त्यस्तै थोरै मान्छे मध्ये एक भएको बताए ।



सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित



☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३


हार्दिक बधाई तथा शुभकामना



नेपाल परिवार नियोजन जिल्ला शाखा मकवानपुरको ३० औ वार्षिक साधरणसभा तथा अधिवेशनबाट आत्मीय दाजु तथा यस वडाका विपद व्यवस्थापन समिति सदस्य **श्री इश्वर पण्डित**ज्यू सभापति तथा कोषाध्यक्ष **फूलमान श्रेष्ठ**, महिला सदस्य **विना श्रेष्ठ** र **रमि विष्ट**, युवा सदस्य **यूनिष श्रेष्ठ**, **जयन्ती श्रेष्ठ** र **प्राची खतिवडा** तथा विशेषज्ञ सदस्यमा **अजय मानन्धर**, **शोभा कोइराला** र **गोरीमाया लामा** चयन हुनुभएकोमा हार्दिक बधाई दिँदै कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**सविन न्यौपाने (वडा अध्यक्ष) एवम्**
**हेटौंठा उपमहानगरपालिका**
१ नं. वडा समिति परिवार

हार्दिक बधाई तथा शुभकामना



नेपाल परिवार नियोजन जिल्ला शाखा मकवानपुरको ३० औ वार्षिक साधरणसभा तथा अधिवेशनबाट यस सहकारी संस्थाका सचिव **श्री इश्वर पण्डित**ज्यू सभापति तथा कोषाध्यक्ष **फूलमान श्रेष्ठ**, महिला सदस्य **विना श्रेष्ठ** र **रमी विष्ट**, युवा सदस्य **यूनिष श्रेष्ठ**, **जयन्ती श्रेष्ठ** र **प्राची खतिवडा** तथा विशेषज्ञ सदस्यमा **अजय मानन्धर**, **शोभा कोइराला** र **गोरीमाया लामा** चयन हुनुभएकोमा हार्दिक बधाई दिँदै कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**डा.गणेश बल लामा (अध्यक्ष) एवम्**
**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.परिवार**
हेटौंडा-२, मकवानपुर

त्रिवेणी भेजिटेवल मार्ट प्रा.लि. द्वारा सञ्चालित
हेटौंडा कृषि तरकारी बजार
हेटौंडा-४, मेनरोड, नारायणी मल संगै
यस तरकारी बजारको सेवाहरु:





नोट: केहि स्टल खाली रहेकोले बुकिङ्को लागि छिटै सम्पर्क गर्नुहोला
☎ ९८६०५९८०५२, ९७४१६८०१८७, ९८५५०३३५५८


हेटौंडा उपमहानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## राजश्व संकलन कार्य बन्द हुने सम्बन्धमा

प्रस्तुत बिषयमा यस कार्यालय अन्तर्गत राजश्व प्रशासन शाखाबाट सम्पादन हुँदै आएको राजश्व सम्बन्धी सेवाहरू आर्थिक बर्षको प्रारम्भमा कम्प्युटरकृत तथ्यांक अद्यावधिक र आन्तरिक तयारी गर्नु पर्ने भएकोले मिति २०८० श्रावण १ गते देखि ५ गते सम्म राजश्व प्रशासन शाखाबाट प्रदान गरिने सबै सेवाहरू तथा वडा कार्यालयबाट गरिने राजश्व सम्बन्धी सेवाहरू बन्द रहने ब्यहोरा सम्बन्धित सबै सेवाग्राहीहरूमा निर्देशानुसार जानकारी गराईन्छ । यसबाट सेवाग्राहिमा परेको असुबिधाप्रति उपमहानगरपालिका क्षमायाचना गर्दछ ।

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
**यातायात व्यवस्था कार्यालय, हेटौंडा**
मकवानपुर, नेपाल

## यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना

- यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचनाभाडामा चल्ने सवारी साधनको प्रत्येक ६-६ महिनामा सवारीको भौतिक अवस्था परिक्षण गरी यातायात व्यवस्था कार्यालयबाट जाँचपास प्रमाण-पत्र लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नविकरण गर्दा यस प्रदेशवाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नविकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाडामा चल्ने सावरी साधनहरुले बाटो ईजाजत पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुवाट लिने र समयमै नविकरण गर्ने गरौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना